# आँधिखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कृषी, स्याङ्जा
## गण्डकी प्रदेश
## २०७३

पत्र संख्या: ०७५।७६(प्रशासन शाखा) मिति: २०७५।११।२८
चलानी नं:

**विषय:प्रधानमन्त्री रोजगार कार्यक्रमको लागी निवेदन संकलन सम्वन्धमा**

**श्री .....नं वडा कार्यालय,**
**स्याङजा ।**

नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्धारा लागु गरिएको प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत नेपालको संविधानको धारा ३३ मा उल्लेखित रोजगारीको हकलाई कार्यान्वयन गर्ने क्रममा रोजगारीको हक सम्बन्धी ऐन २०७५,रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ कार्यान्वयनमा रहेको व्यहोरा विदितै छ।

सोहि सम्बन्धमा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बरावरको न्युनतम रोजगारीमा संलग्न हुन इच्छुक वेरोजगार (१८-५९) बर्ष उमेर समुह विचका व्यक्तिहरुले, २०७५ चैत्र मसान्तसम्ममा बसोवास गरेको स्थानिय तहको सम्बन्धित वडा कार्यालयमा सूचिकृत हुन निवेदन दिनु पर्नेछ।

सोहि प्रयोजनका लागी यसै पत्रसाथ पठाइएको सूचना टाँस गरी व्यापक प्रचारप्रसार गरी तोकीएको ढाँचामा वेरोजगार व्यक्तिले भरेको निवेदन संकलन गरी गाउँपालिकाको रोजगार सेवा केन्द्रमा पठाउन अनुरोध छ ।

<u>सम्पर्क व्यक्ती:</u>
रोजगार संयोजक,(शाखा अधिकृत) अर्जुन चापागाई, आँधिखोला गाउँपालिका कृषी स्याङ्जा ।
सम्पर्क नं ९८४९९०३७७५

.....................................

उज्जल भुसाल
**प्रमुख प्रशासकिय अधिकृत**